के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस १२ गते मंगलबार ❑ 27 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## राष्ट्रपति भण्डारीद्वारा नवनियुक्त प्रधानमन्त्री प्रचण्डलाई शपथ

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ पुस**

राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहमा आइतबार मात्रै प्रधानमन्त्रीमा नियुक्त नेकपा(माओवादी केन्द्र)का अध्यक्ष दाहाललाई नेपालको ४४औंप्रधानमन्त्रीकारुपमापदतथा गोपनीयताको शपथ गराउनुभएको हो । सो अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त तीन उपप्रधानमन्त्री एवं मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ। विशेष समारोहमा राष्ट्रपति भण्डारीले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ र उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई पद तथा



गोपनीयताको शपथ गराउनुभएको हो । यस्तै, राष्ट्रपति भण्डारीले मन्त्रीहरू ज्वालाकुमारी साह, दामोदर भण्डारी, राजेन्द्रकुमार राई अब्दुल खानलाई पनि पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो । उहाँहरूको कार्यभार पछि तोकिनेछ । समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन, निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको उपस्थिति थियो । समारोहमा पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईलगायतको उपस्थिति थियो ।

समारोहमा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, विभिन्न राजनीतिक दलका नेता, यहाँस्थित कूटनीतिक निकायका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

## नेपालको राजनीति पूर्वप्रधानमन्त्रीहरुको क्लब जस्तो छ : कांग्रेस महामन्त्री गगन थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ पुस**




अप्रत्यासित रुपमा सत्तापक्षबाट प्रतिपक्ष बन्न पुगेको २४ घन्टा नपुग्दै पोखरामा नेपाली कांग्रेस पार्टीका दुई मुख्य मन्त्रीले पोखरामा गरमागरम राजनीतिक संवाद गरेका छन् । नेपाल लिटरेचर फेस्टिभलको अन्तिम दिन यी दुई युवा नेतासँग पत्रकार बसन्त बस्नेतले यो संवादको सहजीकरण गरे ।

पछिल्लो राजनीतिक घटनाक्रमको सन्दर्भ जोड्दै पत्रकार बस्नेतले महामन्त्री थापालाई शुरुमै चोटिलो प्रश्न सोधे, 'गगनजी तपाईं पोखरामा हारेर आउनुभएको हो कि जितेर ?' महान्त्री थापाले यो छोटो प्रश्नको जवाफ अलि लामै दिए। केही समयअगाडि मेरो व्यक्तिगत अवस्था नागपास (लुडो खेलको) मा भर्याँग चढेर अलि माथि पुगेको विश्व प्रकाश शर्मा दाइ र प्रदीप पौडेलले समर्थन गरिसकेपछि थप भर्याँग चढौंला भन्ठानेको एकैचोटी तल झरेजस्तो भयो,' उनले भने, नेपाली कांग्रेसको महामन्त्रीका हिसाबले हिजोको लक्ष्यमा पुग्न लागेर शून्यमा झरेजस्तो भएको छ ।' उनले हिजोदिनभर पार्टी सभापति शेरबहादुर देउवाको फोन आफूलाई कति बेला आउला भनेर कुर्दा पनि फोन नआएको गुनासो पनि पोखे । 'पार्टी कार्यालयमा भएको छलफल होइन, तर म पार्टीको महामन्त्री, निर्वाचित सांसद म यहाँ आउँदै गर्दा एकदम अपमानित भएर आएको ।' अर्का कांग्रेस महामन्त्री शर्माले पछिल्लो घटनाक्रममा भएको कांग्रेसको हारबारे हालै सम्पन्न विश्वकप फुटबलको उदाहरण दिँदै भने, 'जितेर पनि हारेर आएको हो । वर्ल्डकपमा सबैभन्दा गोल एम्बापेले हाल्यो । गएको निर्वाचनमा सबैभन्दा बढी जित कांग्रेसले जित्यो । एम्बापेले बुट जित्यो, कप अर्कैले जित्यो ।' कांग्रेस पार्टीभित्र नयाँ पुस्ताको नेतृत्व र लोकतान्त्रिक परिपाटी गर्न सफल भए पनि नेपालको राजनीति पूर्वप्रधानमन्त्रीको क्लब जस्तो देखिने थापाले टिप्पणी गरे ।

'एउटा पुर्वप्रधानमन्त्री अर्को पूर्वप्रधानमन्त्रीलाई धोका दिएको देखिन्छ । कति पटक पूर्व हुने भन्ने मात्रै रह्यो सबैको । यो हेर्दा समान्य लाग्छ । यो हाम्रो राजनीतिक प्रणालीको एकदमै ठूलो समस्या हो । एकजना व्यक्ति पार्टी कब्जा गरेर बसेको अवस्था छ ।' छलफलमा नेता थापाले आफूले नेपाली कांग्रेसको केन्द्रिय बैठकमा पटक पटक निर्वाचनअघि गठबन्धन नगरौं भनेको कुरा उठाए । 'नेपाली कांग्रेस र माओवादीले गठबन्धनका लागि कुरा गर्न मिल्दैन थियो । निर्वाचनमा एक-अर्काको भोट ट्रान्सफर गरिएको थियो । पाँच वर्षका लागि निर्वाचनअघि गरेको गठबन्धन गरेपछि त्यसको धर्म निर्वाह गर्नु पर्छ। जुन कुरा हामीले भन्दै आएको छौं,' थापाले भने । उनले निर्वाचनअघि तालमेल गर्न उन्नत राजनीतिक संस्कार चाहिने उनको जोड थियो। कार्यक्रममा दुबै महामन्त्रीले निर्वाचनमा पहिलो पार्टी बनेर पनि सरकारको नेतृत्व गर्न नपाइने नियतिले हाम्रो निर्वाचन प्रणाली र संविधानमै पुनः सुधार गर्नुपर्ने कुराहरु विद्यमान रहेको टिप्पणी गरे ।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## को बन्ला गण्डकीको मुख्यमन्त्री ?

**रासस**
**पोखरा, ११ पुस**

केन्द्रीय समीकरण फेरिएसँगै गण्डकी प्रदेशको सत्ता राजनीतिमा पनि बदलाव आएको छ।

२७ सिट जितेर प्रदेश सरकारको नेतृत्व लिन तम्तयार रहेको नेपाली कांग्रेसलाई एकाएक प्रतिपक्षमा बस्नुपर्ने स्थिति आइलागेको छ। तत्कालीन नेकपा विभाजनपछि सरकारको नेतृत्वबाट बाहिरिएको नेकपा (एमाले) डेढ वर्षपछि पुनः सत्तामा फर्किँदै छ । अकस्मात विकसित राजनीतिक घटनाक्रमले प्रदेशसभाको सबैभन्दा ठूलो दल कांग्रेस सत्ताबाहिर रहनुपर्ने देखिएको छ। केन्द्रीय सत्ता समीकरण प्रदेशमा पनि लागू हुने र सोहीअनुसार भागबण्डा हुने स्थितिमा नयाँ गठबन्धनकै सरकार बन्नेछ। गण्डकी प्रदेशसभाका कूल ६० सदस्यमध्ये सरकार गठनका लागि बहुमत संख्या ३१ चाहिन्छ जुन नयाँ गठबन्धनसँग छ । प्रदेशसभाको दोस्रो ठूलो दल एमालेसँग २२, माओवादी केन्द्रसँग आठ र राप्रपासँग दुई सदस्य छन् । एक सदस्य रहेको एकीकृत समाजवादीको समेत समर्थन लिन सके गठबन्धन दलको सदस्य संख्या ३३ पुग्छ । जसबाट सजिलै सरकार बन्न सक्छ ।


गण्डकीको सत्ता राजनीतिले नयाँ मोड लिएसँगै प्रदेश सरकारको तेस्रो मुख्यमन्त्री को बन्ला भन्ने चासो बढेको छ। नयाँ गठबन्धनका मुख्य दुई घटक एमाले र माओवादी केन्द्र दुवैले सरकारको नेतृत्वमा दाबी गरिरहेका छन् । यद्यपि केन्द्रमा हुने सहमतिअनुसार नै प्रदेशको शक्ति बाँडफाँट हुने नेताहरूले बताएका छन् । एमालेका केन्द्रीय सदस्य एवं प्रदेशसभा सदस्य गोविन्दबहादुर नेपालीले गण्डकी प्रदेश सरकार एमालेकै नेतृत्वमा बन्ने बताउनुभयो । 'एमालेको नेतृत्वमा सरकार बन्छ र खगराज अधिकारी मुख्यमन्त्री बन्नुहुन्छ भन्नेमा हामी ढुक्क छौं', उहाँले भन्नुभयो ।

आइतबारदेखि राजनीतिमा नयाँ परिस्थिति निर्माण भएकोले त्यसकै भावअनुसार प्रदेशको सत्ता अभ्यास अघि बढ्ने केन्द्रीय सदस्य नेपालीले बताउनुभयो । 'केन्द्रमा पनि गठबन्धन दलहरूबीच सहमतिको खाका बन्ला, कुन-कुन प्रदेश कसले लिने भन्ने त होला तर गण्डकीमा एमालेको बलियो दाबी रहन्छ', उहाँले भन्नुभयो ।

सरकारको नेतृत्व एमालेले लिए पनि गठबन्धनका अन्य दलहरूलाई पनि मन्त्रिमण्डल बनाउँदा सम्मानजनक भूमिका र स्थान दिइने उहाँले बताउनुभयो । बिहीबार प्रदेशसभा सदस्यको शपथ ग्रहणपछि सरकार निर्माणका लागि अग्रसरता बढाउने उहाँको भनाइ छ ।

नयाँ गठबन्धनमा दोस्रो तथा प्रदेशसभामा तेस्रो ठूलो दल माओवादी केन्द्रले पनि मुख्यमन्त्रीमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**






# पोखरामा पुष १३ गतेदेखि राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता हुने

पोखरापत्र संवाददाता

पोखरा, ११ पुस

पोखरामा यही पुष १३ गते देखि राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता हुने भएको छ।

प्रदेश खेलकुद परिषद, गण्डकीको आयोजनामा कास्की जिल्ला व्याडमिन्टन संघको संचालन तथा व्यबस्थापनमा यही पुष १३ गते देखि १६ गतेसम्म पोखरा रंगशालामा उक्त प्रतियोगिता हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

प्रतियोगिता अर्न्तगत १२ वटा इभेण्टमा प्रतिष्प्रर्धा हुने भएको संघ कास्कीका अध्यक्ष शुसिल कुमार श्रेष्ठले बताए । प्रतियोगिताको खुल्ला पुरुष एकल तथा डवल तर्फको विधामा विजेता खेलाडीको टोलीलाई जनही ५० हजार उक्त इभेण्टमा दोश्रो हुनेलाई ३० हजार र तेश्रो हुनेलाई २० हजार नगदको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिने भएको छ।

प्रतियोगिता अर्न्तगत महिला एकल तथा डवल, मिक्स डवल, ३५ बर्ष माथिको डवल पुरुष उमेर समुह, ४५ बर्ष माथि डवल पुरुष, ५५ बर्ष माथि डवल पुरुष तर्फको बिधामा विजेता टोलीहरुले जनही ३० हजार, उपविजेताले जनही २० हजार र तेश्रो हुनेले जनही १० हजारको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिने भएको अध्यक्ष श्रेष्ठले बताए।

जुनियर खेलाडीहरुको प्रोत्साहन गर्ने उद्धेश्यले १२ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु–१२) र १७ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु–१७) पुरुष तथा महिला तर्फको विधामा प्रतिष्प्रर्धा हुने भएको छ । उक्त इभेण्टमा विजेता खेलाडीले जनही १५ हजार, दोश्रो हुनेले १० हजार र तेश्रो हुनेले भने ५ हजार नगदको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिने भएको अध्यक्ष श्रेष्ठले जनाए । प्रतियोगितामा एक बर्ष अघि वर्ल्ड र्‍याङ्कीङमा नम्बर वान खेलाडी प्रिन्स दाहाल, नेपालको नम्बर वान खेलाडी नङसाल तामाङ लगायतका खेलाडीहरु सहभागि हुने भएको सचिव फडिन्द्र प्रसाद तिमिल्सिनाले बताए । उक्त प्रतियोगितालाई सफल पार्न विभिन्न उपसमिति गठन गरिएको अर्थ व्यबस्थापन उप–समिति संयोजक मिन गुरुङले बताए।

चार दिन चल्ने प्रतियोगिता सम्पन्न गर्न २५ लाख खर्च लाग्ने बताएका उनले प्रतियोगिताबाट ३० लाख आम्दानी गर्ने लक्ष्य राखेको जनाए। प्रतियोगितामा काठमाण्डौं, कन्चनपुर, सुर्खेत, उदयपुर, धादिङ, ललितपुर, भोजपुर, सर्लाही लगायतका २५ जिल्लाबाट ३ सय बढी खेलाडीहरु सहभागि हुने भएको कोषाध्यक्ष हुम बहादुर गुरुङले बताए।

# छोम्रोङमा 'सेञ्चुरी ल्होछार मेला' सुरु

पोखरापत्र संवाददाता

पोखरा, ११ पुस




कास्कीको अन्नपूर्ण गाउँपालिका -११ छोम्रोङमा २१ औं सेञ्चुरी ल्होछार मेला सुरु भएको छ। सेञ्चुरी युवा क्लबको आयोजनामा आगामी १४ गतेसम्म सञ्चालन हुने मेला आइतबारदेखि सुरु भएको हो।

सो मेलाको उद्घाटन गर्दै नवनिर्वाचित प्रतिनिधि सभा सदस्य ९संघीय सांसद० दामोदर पौडेल बैरागीले भव्य सफलताको शुभकामना व्यक्त गरे। उनले ल्होछारको शुभकामना व्यक्त गर्दै सो मेलाले पर्यटन प्रवर्द्धनमा सघाउ पुर्याउने धारणा राखे । सांसद बैरागीले केन्द्रीय विद्युत प्रशारणको लाइन अन्नपूर्ण आधार शिविरसम्म पुर्याउने प्रतिबद्धता जनाए। 'म तपाइहरुको योगदान प्रति आभारी छु, उनले भने, 'मैले मेरो कार्यकालमा विद्युतको केन्द्रीय प्रशारण लाइन र 'फोर जि' लाई एबिसीसम्म पुर्याउन पहल गर्ने प्रतिबद्धता गर्दछु।' यस्तै गण्डकी प्रदेशका निवर्तमान सांसद राजीव पहारीले पहारीले हरेक वर्ष आयोजना हुने मेलाको गरिमा फरक रहेको बताउदै निरन्तरता दिन आग्रह गरे । छोम्रोङबासीले यसपटकपनि अमुल्य मत दिएको भन्दै धन्यवाद प्रकट गरे। 'यहाँहरुले मलाई यसपटकपनि अमुल्य मत दिनुभयो, यद्यपी रिजल्ट मेरो पक्षमा आएन । तैपनि म तपाइहरुको अमुल्य मतप्रति एकदमै आभारी छु । आगामी दिनमा तपाइहरुसँगै रहने पनि बाँचा गर्दछु।' उनले भने। यस्तै अन्नपूर्ण गाउँपालिका ११ का वडाध्यक्ष हिम बहादुर गुरुङले ल्होछार मेलाले पर्यटन प्रवर्द्धन मात्र नभई सँस्कृतिको संरक्षण गर्ने बताए। 'यो मेलाले पर्यटनको मात्रै प्रवर्द्धन गर्दैन । यसले हामी तमुहरुको कला तथा सँस्कृतिको पनि जगेर्ना गर्छ ।' वडाध्यक्ष गुरुङले भने । कार्यक्रममा पोखरा सम्पन्न फिस्टेल म्याराथनमा द्वित्तिय स्थान हाँसिल गरेका अन्नपूर्ण गाउँपालिका ११ का सचिन गुरुङलाई गाउँपालिका र क्लबको तर्फबाट सम्मान गरिएको थियो। क्लबका अध्यक्ष मिकास गुरुङको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा मेला संयोजक राजकुमार गुरुङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने पर्यटन व्यवस्थापन समितिका सचिव दिलिप गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए।

# मानवताको लागि पोखरामा नेपथ्यको सांगितिक कार्यक्रम

पोखरापत्र संवाददाता

पोखरा, ११ पुस



युवाहरुको चर्चीत नेपथ्य ब्याण्डले मंगलबार पोखरामा मानवताको लागि सांगितिक कार्यक्रम प्रस्तुतः गर्ने भएको छ।

पोखराको मानव सेवा आश्रमको भवन निर्माणका लागि पोखराको प्रदर्शनी केन्द्रमा मंगलबार अपरान्ह ४ बजेदेखि बेलुकी ८ बजेसम्म सांगितिक प्रस्तुती रहने भएको कार्यक्रम संयोजक विश्वेश्वर आचार्यले बताए । विशुद्ध मानवीय सेवाको लागि आयोजना गरिएको कार्यक्रम भएको हुँदा सबैले बुझेर कार्यक्रमलाई सफल हुने आफूहरु विश्वस्त रहेको उनले बताए । सांगितिक प्रस्तुतीका लागि नेपथ्य व्याण्ड पोखरा आईपुगेको संयोजक आचार्यले बताए। नेपथ्यका गायक अमृत गुरुङले आफ्नो जन्मभूमिमा प्रस्तुति दिन लागेको जानकारी दिँदै मानवताका लागि हुन लागेको कार्यक्रम थप प्रभावकारी हुने दाबी गरे । उनले धन भएका भन्दा पनि मन भएकाहरुले सहयोग गर्ने भएकाले मानव मन्दिर निर्माणमा हातेमालो गर्न सबैमा अनुरोध समेत गरे। बाँचुञ्जेल खुसी भएर बाँच्न र जीन्दगीभर परोपकारी काम गर्न उनले आग्रह गरे । यसैबिच, कार्यक्रमको पूर्वसन्ध्यामा पोखरामा मानव सेवा आश्रममा नेपथ्यको टिम चियापान तथा परिचयात्मक कार्यक्रममा सहभागि भएको छ । विराटनगरबाट शुरु गरिएको मानवता प्रवर्द्धनका लागि सांगितिक यात्रा मंगलबार गायक गुरुङको गृह नगरी पोखरामा हुँदैछ। उक्त कर्न्सट अवलोकनको लागि एक हजार शुल्क निर्धारण गरिएको छ । त्यस्तै कार्यक्रममा प्रतिनिधि सभा सदस्य दामोदर बैरागी, प्रदेश सभा सदस्यहरु खगराज अधिकारी, सरस्वती गुरुङ, गणेशमान गुरुङ, पोखरा २५ का वडाध्यक्ष मोतिलाल तिमिल्सिना, पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी लगायतले मानवताका लागि भएको सांगितिक यात्रामा सबैको साथ आवश्यक रहेकोमा जोड दिए। पोखराबाटै उदय भएको नेपथ्य संसारका युवा बर्ग सामु सामु चर्चीच छ । १० करोड लागतमा निर्माण सम्पन्न गर्न लागिएका मानव सेवा आश्रमको भवन निर्माण सहयोगार्थ नेपथ्य लाईभ कन्सर्ट आयोजना गर्न लागिएको आश्रमका होमनाथ तिमिल्सिनाले बताए।

# गिरीको नेतृत्वमा टेवानको नयाँ कार्यसमिति

पोखरापत्र संवाददाता

पोखरा, ११ पुस

पर्यटन व्यवसायी महिला संघ नेपाल(टेवान) को पाँचौं साधारणसभा एवम् तेस्रो अधिवेशनले आगामी कार्यकालका लागि कमला गिरीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

कार्यसमितिको उपाध्यक्षमा प्रभा सुवेदी, महासचिवमा अनिता खड्का भट्टराई, सचिवमा शोभा अधिकारी पौडेल, कोषाध्यक्षमा कमला गुरुङ रहनुभएको छ । समितिका सदस्यहरूमा ईश्वरी पौडेल, शान्ता तिमल्सिना, सरिता बराल क्षेत्री, शारदा लम्साल, संगीता अधिकारी र पवित्रा थापा रहनुभएको छ । सदस्य ईश्वरी पौडेललाई समितिको कानुन तथा प्रचारप्रसारको संयोजकको जिम्मेवारी समेत प्रदान गरिएको छ । नवनिर्वाचित कार्यसमितिका पदाधिकारीलाई निर्वाचन समितिका संयोजक एवम् टेवानका सल्लाहकार टीकाराम सापकोटा, निर्वतमान अध्यक्ष रेणु थापा मगर, संस्थापक अध्यक्ष लक्की कार्की क्षेत्री लगायतले टिका तथा खादा लगाउनुभएको थियो। यस अघि साधारणसभा तथा अधिवेशनको उद्घाटन गर्दै महिला सिप विकास संस्थाका प्रबन्धक रामकलि खड्काले पछिल्ला समयमा महिलाहरू उद्यमशिलताका क्षेत्रमा अग्रसर बन्दै गएको बताउँदै सशक्तिकरणका लागि प्रत्येक महिलाहरू आयआर्जनसँग जोडिनुपर्ने आवश्यकता औंल्याउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारीले पोखरा नेपालको पर्यटनको राजधानी मात्र नभै दक्षिण एशियाको नै उत्कृष्ट गन्तव्य रहेको बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा महिला पर्यटन व्यवसायीहरू संगठित बन्दै अघि बढ्नुभएको उल्लेख गर्दै परिषद्ले हरेक पर्यटकीय गतिविधिमा सहकार्य गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । टेवानका अध्यक्ष रेनु थापा मगरले पर्यटन क्षेत्रको प्रवर्द्धन र विकास टेवानको प्राथमिकतामा रहेको बताउँदै धेरै पर्यटन व्यवसायी महिला संस्थासँग आवद्ध बन्नुभएको बताउनुभयो।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका पूर्व सदस्य एवम् टेवानका सल्लाहकार टीकाराम सापकोटा, टेवानका संस्थापक अध्यक्ष लक्की कार्की, उपाध्यक्ष कमला गिरी, सचिव प्रभा सुवेदी, पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्य, पोखरा-६ का वडा अध्यक्ष विष्णुबहादुर भट्टराई, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल लगायतले पोखराको पर्यटन प्रवर्द्धन, विकास र सम्भावना लगायतमा बोल्नुभएको थियो।

## को बन्ला...

दाबी गरेको छ । माओवादी केन्द्रबाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर चुमानले आफ्नो पार्टीको दाबी स्वाभाविक रहेको उल्लेख गर्नुभयो । 'कांग्रेससँगको गठबन्धन हुँदा पनि अहिले गण्डकीको मुख्यमन्त्री हामीले पाउने भन्ने थियो, अहिले नयाँ समीकरण बनेको छ, मुख्यमन्त्री हामीले पाउनुपर्छ, माथि पनि त्यहीअनुसार कुरा राख्छौं', उहाँले भन्नुभयो । मुख्यमन्त्रीमा आलापालो हुने भन्दै प्रदेशसभा सदस्य चुमानले पहिला माओवादीलाई दिनुपर्ने बताउनुभयो। केन्द्रबाट आउने निर्णयपछि ससंदीय दलको नेता चयन गर्ने तयारीमा माओवादी केन्द्र छ। अहिले पनि चुमान नै दलको नेता बन्ने निश्चित जस्तै छ।

एमालेले भने आइतबार सर्वसम्मतरूपमा खगराज अधिकारीलाई दलको नेता चुनेको छ। कास्की-१ (१) बाट निर्वाचत उहाँ मुख्यमन्त्रीकै लागि सङ्घको राजनीतिबाट प्रदेशमा झर्नुभएको हो। कुनै पनि दलले बहुमत प्राप्त नगरेको स्थितिमा संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार गठन हुनेछ । उक्त संवैधानिक व्यवस्थाअनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नुपर्ने छ।

## नेपालको...

छलफलमा अब नेपाली कांग्रेसले के गर्छ भन्ने स्वभाविक प्रश्न उठ्ने नै भयो।

'हार जितको कुरा एकछिन आयो, गयो। नेपाली कांग्रेसमा जोडिँदा एउटा प्रतिष्ठा हुन्थ्यो। त्यो कुरा फेरी बनाइन्छ। हामी कांग्रेस पार्टीलाई सदृढ कसरी बनाउँने भन्नेबारे सोचिरहेका छौं,' गगनले भने। यसैमा नेता शर्माले फेरि फुटबलकै उदाहरण दिँदै थपे, 'जब केही भत्किन्छ। निर्माण क्रम पनि सुरु हुन्छ। यो नेपाली काग्रेसको लागि टूर्निङ प्वइन्ट हो। पाँच वर्षपछि हामी डिफेन्डिङ च्यापियनलाई हराउँछौं । हामी जित्छौं ।' उनले पछिल्लो राजनीतिक प्रकरणबारे कांग्रेसले गहिरो विश्लेषण गरेर अबको यात्रा तय गर्नेसमेत बताए।

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# १९ औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता सुरु, पोखराको पर्यटनमा महत्व राख्छ–मेयर आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ पुस**

पोखरामा "१९ औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०७९" सुरु भएको छ।

कास्की जिल्ला टेनिस संघको आयोजना तथा माछापुच्छ्रे बैंकको मुख्य प्रायोजनामा उक्त प्रतियोगिता पोखरा रंगशालास्थित टेनिस कोर्टमा सुरु भएको हो । पौष १५ गते सम्म सञ्चालन भएको उक्त प्रतियोगिताको पहिलो दिन भेट्रान्सतर्फका ५१ स्पर्धाहरु सम्पन्न भएको टुर्नामेण्ट डाइरेक्टर राजन पौडेलले बताएका छन्।

सोमबार सुरु भएको प्रतियोगितामा ३५, ४५ र ५५ वर्ष माथी सिंगल्स र डबल्स स्पर्धाहरु सम्पन्न भएका छन्। प्रतियोगितामा ४५ वर्ष माथी सिंगल्समा प्रदिप शाहले विरेन्द्र लामा ६-०, ६-२ ले, सिजर गुरुङले राम बहादुर विकलाई ६-१, ६-४, मिन पुनले पदम गुरुङलाई १-६, ६-१ र १०-३ ले, शरण गुरुङले मनिष श्रेष्ठलाई ६-१, ६-४ ले, आशिष सिग्दलले अनुजा बास्तोलालाई ७-६, ६-४ ले, अमृत रोक्काले देव थापालाई ६-०, ६-१ ले पराजित गरे। त्यस्तै उत्तम बोगोटीले राजेन्द्र चापागाई लाई ६-४,६-१, रोहित सुनुवारले केबी लामालाई ६-१, ६-० ले, ठाकुर खनालले भिष्मराज पौडेललाई ७-६, ५-७, १०-७ ले, सुनिल श्रेष्ठले नारायण पाहारीलाई ६-१, ६-४ ले पराजित गर्दा शिव सुवेदीले एमडी यूनसलाई वाक ओभर दिएका छन्। त्यसै भारतका टि तुलेश्वर सिंहले नेपालका मनोज श्रेष्ठलाई ६-०, ६-१ ले, माधव भण्डारीले अर्जुन गुरुङलाई ६-३, ६-३ ले, महेश श्रेष्ठले येका वाल्टर स्मिथलाई ६-०, ६-० ले, गोपी भट्टराईले विकाश गुरुङलाई ६-४, ६-२ ले पाखा लगाउँदा बिमल गुरुङले मनोज ढुङ्गानलाई वाक ओभर दिएका छन् । प्रतियोगिता अन्तर्गत नै सोमबार भएको ३५ वर्ष माथीको खेलमा सन्तोष खत्रीले दिपराना लाई ६-३, ६-१ ले, माधव भण्डारीले मनोज श्रेष्ठलाई ६-१, ६-१ ले, निरज थापाले प्रकाश राज वाग्लेलाई ७-५, ६-३ ले, जितेन्द्र परियारले नविन श्रेष्ठलाई ६-१, ६-१ ले, कमल भण्डारीले सरिन देउजालाई ६-०, ६-१ ले, देव क्षेत्रीले मिलन गर्बुजालाई ६-२, ६-३ ले, चेवाङ लामाले सविर मियाँलाई ६-०, ६-१ ले, चोम बहादुर शाहीले नवराज शर्मालाई ७-६, ६-१ ले, सम्दुप लामाले अनिल सेन्चुरीलाई ६-३, ६-४ ले र सिमन्त गुरुङ लक्ष्मण तामाङलाई ६-०, ६-१ को सोझो सेटमा पराजित गरेका छन्।

५५ वर्ष माथीको सिंगल्सतर्फ पहिलो चरणको स्पर्धामा काजी गुरुङ, अनिल तुलाचन, एन दिलिप सिंह, कर्ण तामाङ, बिनोद कायस्थ, समिर शेरचन, सुरेन्द्र माकाजु र डियोनम लामाले आ-आफ्नो खेल जितेको टुर्नामेण्ट डाइरेक्टर पौडेलले जानकारी दिए । यस अघि प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगर पालिकाका मेयर धनराज आचार्यले पोखराको पर्यटन प्रवर्द्धनमा खेलकुदको महत्व अहम हुने बताए । उनले भने- "खेलकुदले स्वास्थ्य सँगै शारीरिक सुगठनका लागि मात्रै नभई पर्यटनका लागि समेत यसको महत्व उत्तिकै छ।" मेयर आचार्यले कास्की टेनिसले पोखराको खेलकुद सँगै पर्यटन प्रवर्द्धनमा समेत उत्तिकै महत्वका साथ अघि बढेको बताउँदै प्रशंसा समेत गरे। कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नेपाल टेनिस संघका उपाध्यक्ष तथा कास्की टेनिसका संस्थापक बिनोद कायस्थ, कास्की टेनिसका उपाध्यक्ष नविन चालिसे, सचिव नविन श्रेष्ठ, सदस्य मोनिका थापाले समेत कास्की टेनिसलगायत प्रतियोगिताको महत्व माथी प्रकाश पारेका थिए।

प्रतियोगितामा सहभागिता जनाउन भारत, बेलायत र भुटानबाट समेत पोखरा आएको उपाध्यक्ष चालिसे जानकारी दिएका छन् । सहभागि खेलाडी मध्ये ५७ जना पोखराका छन् भने ९३ जना पोखरा खेलाडी बाहिरबाट आएका छन् । प्रतियोगिताको सहभागिता हाल सम्मकै ठूलो सहभागिता हो।

प्रतियोगिता अन्तर्गत मेन्स तथा उमेन्सका सिंगल्स र डबल्स तथा ३५, ४५, ५५, ६५ वर्ष माथी गरी विभिन्न उमेर समुहमा १२ इभेन्टमा प्रतिस्पर्धा हुने भएको छ। प्रतियोगितामा मेन्स सिंगल्समा २७ जना, मेन्स डबल्समा १२ जना, उमेन्स सिंगल्समा ८ जना, ३५ वर्ष माथी मेन्स सिंगल्समा ३४ जना, डबल्समा १७ जना, ४५ वर्ष माथी सिंगल्समा ३५ जना, डबल्समा १९ जना, ५५ वर्षमाथी सिंगल्समा २४ जना, डबल्समा १२ जना, ६५ वर्ष माथी सिंगल्समा १२ जना र डबल्समा ३ जना गरी कूल २ सय ३ जना खेलाडीले नाम दर्ता गरेको जानकारी दिएका छन् । प्रतियोगितामा ओपन मेन्स तथा उमेन्स सिंगल्सतर्फका बिजेताले जनही नगद ८० हजार र उपविजेताले नगद ४० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसै गरी सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजक कास्की टेनिसले जनाएको छ । प्रतियोगितामा मेन्स तथा उमेन्स डबल्सतर्फ बिजेताले नगद ३० हजार, उपविजेताले १५ हजारसहित ट्रफी र सेमीफाइनालिष्टले नगद १० हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । ३५ वर्ष माथी भेट्रान्स सिंगल्सतर्फको बिजेताले नगद ६० हजार, उपविजेताले ३० हजार सहित ट्रफी तथा मेडल प्राप्त गर्नेछन् भने सेमीफाइनालिष्टले नगद १० हजार सहित पदक प्राप्त गर्ने र डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार सहित ट्रफी सँगै सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

४५ वर्ष भन्दा माथीको सिंगल्स विजेताले नगद ४० हजार, उपविजेताले २० हजार र सेमीफाइनालिष्ट नगद १० हजारका साथमा ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने छ । त्यस्तै सोही स्पर्धाको डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार तथा सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगिता अन्तर्गत नै हुने ५५ वर्ष माथीको सिंगल्सतर्फको विजेताले नगद ३० हजार, उपविजेताले १५ हजार, सेमीफाइनालिष्टले जनही नगद १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ। त्यस्तै डबल्सतर्फको बिजेताले २० हजार, उपविजेताले नगद १० हजार र सेमीफाइनालिष्टले जनही नगद १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा ६५ वर्ष माथीको सिंगल्सतर्फ बिजेताले नगद १५ हजार, उपविजेताले नगद ७ हजार ५ सय तथा सेमीफाइनालिष्टले जनही नगद २ हजार ५ सयसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । '१९ औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०७९' सम्पन्न गर्न करिव १६ लाख ५० हजार खर्च हुने कास्की टेनिस संघका कोषाध्यक्ष अनुज बास्तोलाले बताएका छन्। प्रतियोगितामा पुरस्कार राशीमा ७ लाख ४० हजार खर्च हुने उनको भनाई छ।

# सडकसँगै होमस्टेले तान्यो पर्यटक

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ पुस**

तत्कालीन शाह वंशीय राजाले शासन गर्नुभन्दा पहिले गुरुङको ऐतिहासिकस्थल मानिन्छ कास्कीको पर्यटकीय गाउँ याङ्जाकोट । रमणीय उक्त गाउँमा पर्यटकलाई लक्षित गरेर एक दशकदेखि खुलेका होमस्टे कोरोनाका कारण सुनसान बने।

कोरोनाको त्रास हटेसँगै कास्कीको मादी गाउँपालिका-३ याङजाकोटमा एक वर्षयता होमस्टे र रमणीयस्थल अवलोकन गर्न जाने पर्यटकको सङ्ख्या ह्वात्तै बढेको छ। याङजाकोट संस्कृतिविद् डा जगमान गुरुङको जन्मस्थान पनि हो । पछिल्ला वर्षमा कास्कीका गाउँमा सडक र यातायातको विकास भएसँगै स्वदेशी तथा विदेशी पर्यटक ती ठाउँमा सहजै पुग्न सक्छन् । पर्यटक लक्षित खुलेका होमस्टेमा बास बस्नका लागि यतिबेला दैनिक तीन-चार ग्रुप त्यहाँ पुग्ने गरेको जानकारी विनम होमस्टे सञ्चालन गर्दै आउनुभएकी खिमकुमारी गुरुङ बताउनुहुन्छ। शुक्रबार र शनिबार भने पाँच-छ ग्रुप नै आइपुग्छन् । दिनहुँको कामले हुने तनावबाट मुक्त हुन शान्त वातावरण खोज्दै पोखरा तथा आसपासका स्वदेशी पर्यटक त्यहाँ पुग्ने गरेको जानकारी होमस्टे सञ्चालक बताउँछन् । पोखराको काँहुखोलाबाट १८ किलोमिटर सडक पार गरेपछि याङजाकोट पुग्न सकिन्छ । काँहुखोलादेखि कसेरी, सुर्पधेली, चितेपानी, मादवेँसी, तारकाङको माझाडिही हुँदै याङजाकोट पुग्न सकिन्छ। याङजाकोट पुग्नका लागि काँहुखोलादेखि माझाडिहीसम्म १२ किलोमिटर पक्की सडक छ भने छ किलोमिटर कच्ची सडक छ।

याङजाकोटमा यतिबेला नौवटा होमस्टे सञ्चालित छन्। त्यहाँ एक सय ३० जना पाहुना राख्न सकिन्छ। मादी गाउँपालिकाको कार्यालय पनि त्यही स्थानमा भएकाले मानिसको आउजाउ झनै बढ्दै गएको छ । मादी गाउँपालिका-३ का वडाध्यक्ष विकास गुरुङले पछिल्लो समय गाउँमा पर्यटकको सङ्ख्या बढ्नुको साथै यहाँका ऐतिहासिक तथा पर्यटकीयस्थलको विकाससमा वडाले जोड दिएको बताउनुभयो।

याङजाकोटसम्म पुग्ने छ किलोमिटर सडक पनि पिच गर्न सक्यौँ भने गाउँमा पर्यटक भरिभराउ हुने थिए वडाध्यक्ष गुरुङको छ । गाउँमाथिको ऋपु डाँडा पर्यटकीय रुपमा अत्यन्तै महत्वपूर्ण मानिएकै कारण विदेशी पर्यटकलाई त्यहाँ पुऱ्याउन कच्ची सडक विस्तार गर्ने योजना गाउँपालिकाले राखेको जानकारी वडाध्यक्ष गुरुङले बताउनुभयो। ऋपु डाँडामा हिउँ परेपछि हिउँ खेल्न जाने पर्यटकको ताँती लाग्ने गर्छ । गुरुङ र मगरले सञ्चालन गर्दै आएको होमस्टेमा पर्यटकको आकर्षण बढी हुने गरेको छ । उनीहरूले दिने संस्कार र सेवाबाट नै पर्यटक आकर्षित हुने गर्छन् । समुद्र सतहदेखि १४.५० मिटरको उचाइमा रहेको याङजाकोट पूर्वपट्टि फर्किएको गुजुमुच्च बस्ती छ। सूर्य भुल्कनासाथ सबैको घरआँगनमा घाम लाग्ने, दुई सय ५० घर कुरिया याङजाकोमा पोखराबाट वनभोज खान जानेको सङ्ख्या पनि पछिल्लो समय बढ्न थालेको छ । आँखै अगाडि लमतन्न परेको अन्नपूर्ण हिमशृङ्खलाबाट पनि पर्यटक आकर्षित हुने गर्छन, स्थानीय सुकवीर गुरुङले बताउनुभयो । तीन वर्ष अघि ताडतिङबाट ऋपु जोड्नको लागि अस्थायी ट्र्याक खुलेपछि गत वर्षबाट त्यहाँ घुम्न जाने पर्यटकको सङ्ख्या उल्लेख्यरुपमा बढेको जानकारी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङ बताउनुहुन्छ।

हिउँदमा हिउँ पर्ने, लालीगुराँस फुल्ने र बर्खामा भुइँभरि रङ्गीविरङ्गी फूल फुल्ने यो क्षेत्र गुरुङ जातिको प्राचीन तथा ऐतिहासिक थलो मानिन्छ। यहाँबाट सूर्योदयको दृष्य देखिनुका साथै अन्नपूर्ण र लमजुङ हिमाल नजिकैबाट नियाल्न सकिन्छ भने कास्की र लमजुङका थुप्रै गाउँ हेर्न सकिन्छ अध्यक्ष गुरुङले भन्नुभयो । सांस्कृतिक पहिचान र शुद्ध पर्यावरणीय वातावरणको कारण याङजाकोट कास्की जिल्लाकै पर्यटकीय महत्वपूर्ण आकर्षणको केन्द्र बन्न पुगेको उहाँको भनाइ छ। याङजाकोटबाट अन्नपूर्ण हिमशृङ्खलाका साथै पोखरा उपत्यकाको केही भाग, पुम्दीको शान्ति स्तूप, शिव मन्दिर, सराङकोट, काँहुकोट तथा धरहरा, मादी नदी, पर्यटकीयस्थल थाक, मौजा, तप्राङ, खिलाङ, तारकाङ, मादवेँसी सैमराङका विभिन्न गाउँ अवलोकन गर्न सकिने जानकारी गाउँपालिकाका अध्यक्ष गुरुङले दिनुभयो।

# म्याग्दीमा 'अफ्रिकन स्वाइन फिवर'बाट बंगुर मर्न थाले

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ पुस**

म्याग्दीमा महामारीजन्य 'अफ्रिकन स्वाइन फिवर' को सङ्क्रमणका कारण बङ्गुर मर्न थालेका छन् । अन्नपूर्ण गाउँपालिका-२ नौलीबगरमा मरेका बङ्गुरको प्रयोगशालामा परीक्षण गर्दा अफ्रिकन स्वाइन फिवर भित्रिएको पुष्टि भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दीले जनाएको छ।

केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले म्याग्दीका केही फार्ममा लिइएको नमूनामा अफ्रिकन स्वाइन फिवर पुष्टि भएको जानकारी दिनुभयो । 'रोग नियन्त्रणमा नआएसम्म बङ्गुर ओसारपसार गर्न रोकिएको छ,' उहाँले भन्नुभयो 'कृषकहरूलाई सावधानी अपनाउन आग्रहका साथै नियन्त्रणका लागि पशु चिकित्सक र प्राविधिक परिचालन गरिएको छ ।' रोगबाट मरेका बङ्गुरलाई व्यवस्थित तरिकाले जमिनमा गाड्नुका साथै फैलिन नदिन जैविक सुरक्षा अपनाइएको केन्द्रले जनाएको छ। नौलीबगरको फार्ममा ३० भन्दा बढी बङ्गुर मरेका अन्नपूर्ण गाउँपालिकाको पशु सेवा शाखाका प्राविधिक प्रकाश जीसीले बताउनुभयो । मरेका र बिरामी बङ्गुरमा ज्वरो बढी आउने, बान्ता गर्ने, झोक्राउने र शरीरमा नीलो डाम देखिने लक्षण देखिएको छ। बेनी नगरपालिकाको पशु सेवा प्राविधिक प्रदीप गौतमका अनुसार मङ्गलाघाटको बङ्गुर फार्ममा पनि २३ वटा बङ्गुर मरिसकेका छन् । व्यावसायिकरूपमा पालिएका बङ्गुर फार्ममा रोग देखिएपछि सतर्कता अपनाइएको छ।

# पृथ्वीनारायण क्याम्पस खेलकुदमय, दोस्रो दिन निबन्ध र कविता लेखन प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ पुस**

पृथ्वीनारायण क्याम्पसमा अन्तर संकाय सप्ताहव्यापी खेलकुद प्रतियोगिता जारी रहेको छ।

प्रतियोगिताको दोस्रो दिने निबन्ध लेखन र कविता लेखन सम्पन भएको छ। निबन्ध लेखनमा ३० जना र कविता लेखनमा २२ जनाले सहभागिता जनाएका थिए। कविता लेखन तर्फ मानविकी संकायका तारानाथ पराजुली प्रथम, शिक्षा संकायका रोजिना घिमिरे द्धितिय, व्यवस्थापन संकायका सम्झना सार्की तृतिय र कानुन संकायका अभिषेक रेग्मीले सात्वना भने निबन्ध लेखन तर्फको नतिजा समापन कार्यक्रमको दिन प्रकाशन गरिने क्याम्पस प्रशासनले बताएको छ। यस्तै क्याम्पसमा अन्तर संकाय स्तरीय छात्र फुटबल, भलिबल र बास्केटबल प्रतियोगिताहरु समेत सञ्चालन भएको छ।

फुटबलतर्फ क्वाटरफाइनल खेलको पहिलो खेलमा विविए संकायले पहिलो जित निकालेको छ। क्याम्पसको फुटबल मैदानमा भएको खेलमा विज्ञान संकायलाई ६-५ गोलको अन्तरले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको छ।

दोस्रो खेलमा मानविकी संकायलाई पराजित गर्दै विविएस संकाय (राहुल)को समूह सेमिफाइनल प्रवेश गरेको छ । मानविकी संकायलाई ५-१ गोलले पराजित गर्दै विविएस सेमिफाइनल प्रवेश गरेको हो।

यस्तै तेस्रो खेलमा विविएस संकाय (अशोकको समूह) विजयी भएको छ । विसिए संकायलाई ५-० गोलको अन्तरमा पराजित गर्दै विविएस संकाय (अशोकको समूह) सेमिफाइनल प्रवेश गरेको छ। यस्तै अन्तिम खेलमा विविए संकाय विजयी भएको छ। विएड संकाय र कानुन संकायबीच भएको खेलमा ४-१ गोलको अन्तरमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो । फुटबल तर्फको सेमिफाइनल खेल पुष १३ गते सञ्चालन हुने क्याम्पस प्रशासनले जनाएको छ। यस्तै छात्र भलिबल प्रतियोगिताको पहिलो खेलमा शिक्षा संकायलाई पराजित गर्दै विविए संकाय विजयी भएको छ। विविएले २५-१७ र २५-१७ को अङ्कमा पराजित गरेको छ।


दोस्रो खेलमा विज्ञान र व्यवस्थापन संकायबीच भएको खेलमा विज्ञान संकाय विजयी भएको छ। विज्ञान संकायले २५-२०, १५-२५ र २५-१० अङ्कले पराजित गरेको हो।

तेस्रो खेलमा विविए र विएड संकायबीचको खेलमा विएड संकाय विजयी भएको छ। विएडले २५-१५ र २५-१२ को अङ्कले पराजित गरेको छ।

बास्केटबल तर्फ पहिलो खेलमा विविए र कानुन संकाय बिच ६३-२४ नम्बरका साथ विविए संकायले पहिलो जित निकालेको छ।

दोस्रो खेलमा विज्ञान र शिक्षा संकाय बिच ५२-५३ नम्बरले शिक्षा संकाय, तेस्रो खेलमा विए र विविएस बिच २८-२७ नम्बरका साथ विविएस संकाय, चौथो खेलमा विसिए र विविएस बिच ४१-४० नम्बरले विविए संकाय र पाँचौं खेलमा विविएस र विज्ञान संकाय बिच ३५-२३ ले विविएस संकाय विजयी भएको छ।

बाँकी खेलहरु मंगलबार सञ्चालन हुने क्याम्पसले जनाएको छ । पुष १० देखि सुरु भएको प्रतियोगिता पुष १४ गतेसम्म सञ्चालन हुनेछ।




# बागलुङ नगरलाई ५८ करोड अनुदान

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ पुस**

विश्व बैंकले नेपाल सरकारलाई उपलब्ध गराएको ऋणबाट बागलुङ नगरपालिकाले चारवटा सडक कालोपत्र गर्न अनुदान पाउने भएको छ । उक्त बैंकले उपलब्ध गराएको ऋणमध्ये नेपाल सरकारले यहाँको भौतिक पूर्वाधार विकासका लागि रु ५८ करोड अनुदानस्वरुप दिने भएको हो । "नेपाल सरकारलाई विश्व बैंकमार्फत आएको ऋण यहाँको भौतिक पूर्वाधार निर्माणका लागि अनुदानस्वरुप आएको छ, अनुदान सम्झौता गत वर्ष नै भइसकेको हो" नगरउपप्रमुख राजु खड्काले भन्नुभयो,"नगरपालिकाको कार्यपालिकाले यसबाट नगरका चार सडक कालोपत्र गर्ने निर्णय गरेको छ, बजेट बाँकी रहे अन्य क्षेत्रमा समेत पूर्वाधार निर्माण गर्न सकिन्छ।"

प्राप्त हुने रकममध्ये रु तीन करोडको लागतमा सबै सडकको डिपिआर बनाइने र रु ५५ करोडबाट पूर्वाधारको काम गरिने छ । वडानं-१ रामरेखास्थित गणेशथान घुम्तीदेखि नियरघाटसम्मको सडक, वडानं-४को ओढारचौरदेखि ढोडेनीसम्म पुग्ने सडक, वडानं-७को मूलपानी माध्यामिक विद्यालयबाट भीमपोखरा जोड्ने सडक र वडानं-१४को बलेवा विमानस्थलदेखि पैँयूपाटा हुँदै अमलाचौरको भैर वस्थानसम्म पुग्ने सडक कालोपत्र गरिने भएको हो । सबै सडक डिपिआरको चरणमा रहेको र डिपिआर लगत्तै ठेक्का प्रक्रियामा लैजाने नगरपालिकाको योजना छ। साना योजना एक्लैले सम्पन्न गर्दै आएको नगरपालिकाले ठूला योजनाका लागि प्रदेश तथा सङ्घीय सरकारबाट ऋण वा अनुदानका लागि पहल गर्दै आएकामा अहिले सहरी शासकीय सुधार कार्यक्रमअन्तर्गत विश्व बैंकबाट आएको ऋणमध्ये नेपाल सरकारले यहाँको पूर्वाधार निर्माणमा रु ५८ करोड अनुदानमा उपलब्ध गराउने सम्झौता गत वर्ष नै भएको थियो। नगरको विकासका लागि ठूला योजना ल्याए पनि बजेट अभावले केही योजना अगाडि बढ्न सकेका थिएनन्।